स्थानीय सरकार

कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

(प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा)

गोकर्ण, काठमाडौं

बागमती प्रदेश, नेपाल

फोन नं.: ०१-४४५१२४२, ०१-४४५०९८६, ०१-४४५०३५६


प.सं. : ०८२/८३

च.नं. :

मितिः २०८३।०३।०१

ने.स.११४६ अनलागा औंसी

# तह वृद्धि सम्बन्धी सूचना।

कागेश्वरी मनोहरा नगरपालिकामा कार्यरत कर्मचारीहरूको बागमती प्रदेश सरकारबाट स्थानीय तहका सेवाको गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्थित गर्न बनेको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ९ र दफा ३० बमोजिम तह वृद्धि गर्नुपर्ने भएको हुँदा सोही ऐनको दफा ९ र दफा ३० बमोजिम योग्यता पुगेका कर्मचारीहरूलाई मिति २०८३ आषाढ १५ गतेभित्र प्रशासन शाखामा निवेदन दर्ता गर्नुहुन अनुरोध छ। तोकिएको समयभित्र प्राप्त नभएको निवेदन साथै रित नपुगेको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**संलग्न गर्नुपर्ने आवश्यक कागजपत्रहरू:**

१. ऐनको दफा ९ र दफा ३० बमोजिम तह वृद्धि हुन दाबी गरिएको तह/पदनाम खुल्ने गरी सक्कल निवेदन

२. स्थायी नियुक्ति पत्रको प्रतिलिपि

३. हालको पदमा नियुक्ति/बढुवा नियुक्ति पत्र/स्तरवृद्धि पत्र/तह वृद्धि पत्रको प्रतिलिपि

४. तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि पुगेको खुल्ने कागजपत्रको प्रमाणित प्रतिलिपि

५. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

६. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि

७. राष्ट्रिय (निजामती) किताबखानामा हालसम्म अद्यावधिक भएको वैयक्तिक विवरण (PIS) को मुद्रण पत्र

८. समायोजन भएका कर्मचारीको हकमा हाल कार्यरत पद/तहमा समायोजन भएको समायोजन पत्रको प्रतिलिपि

९. पछिल्लो ५ वर्षको कार्य सम्पादन मूल्याङ्कन सक्कल फाराम।

(पुरुषोत्तम सुवेदी)

प्रमुख प्रशासकीय अधिकृत